# भौतिक पुर्वाधार विकास समिति द्वारा प्रस्तुत आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रगति प्रतिवेदन-२०८१

मालिका गाँउपालिका

## मालिका गाउँपालिका
## अर्खावाङ्ग, गुल्मी

गाउँसभामा पेस गरेको मितिः २०८१।०३।०८ गते।

## १. पृष्टभुमि

मालिका गाऊँपालिका को आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा टेवा पुर्याउन विविध भौगोलिक क्षेत्र तथा आर्थिक क्षेत्रहरुलाई आर्थिक विकासका पुर्वाधार जस्तै सडक पुर्वाधार, खानेपानि पुर्वाधार तथा पर्वटन पुर्वाधार मार्फत यस मालिका गाऊँपालिकासको पुर्वाधार विकास गर्ने उद्धेश्य ले गठित समिति हो । यस गाऊँ पालिका को वार्षिक निति तथा कार्यक्रम तथा वजेटमा केन्दित भई समर्ग पुर्वाधार विकास गर्ने यस समिति को मुख्य कार्य हो ।

## २. भौतिक पुर्वाधार विकास समिति को विवरण

क) दिपक भण्डारी, संयोजक

ख) हिरा बहादुर कार्कि, सदस्य

ग) सकुन्तला पन्थि, सदस्य

घ) ई. विष्णु अर्याल, सदस्य सचिव

## ३. भौतिक पुर्वाधार विकास समिति को मासिक बैठक को अभिलेख ।

| मिति | पदाधिकारि सङ्ख्या | बैठकमा उपस्थित पदाधिकारि सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| २०८०/०५/०१ | ४ | ४ | १००% | प्रस्ताप तथा निर्णयहरु माईण्युट बुकमा |
| २०८०/०६/२० | ४ | ४ | १००% | |
| २०८०/०७/२० | ४ | ३ | ७५% | |
| २०८०/०८/२१ | ४ | ४ | १००% | |

मालिका गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| २०८०/०९/१६ | ४ | ४ | १००% | अभिलेख भए बमोजिम । |
| २०८०/१०/१४ | ४ | ४ | १००% | |
| २०८०/११/२२ | ४ | ४ | १००% | |
| २०८०/१२/१८ | ४ | ४ | १००% | |
| २०८१/०१/०५ | ४ | ४ | १००% | |
| २०८१/०२/१७ | ४ | ४ | १००% | |
| जम्मा बैठक सङ्ख्या | | | १० वटा | |

**४. स्वीकृत कार्यक्रम अनुसार ठेक्का मार्फत कार्यान्वयन भएका सम्पन्न योजनाहरुको सख्यात्मक विबरण;**

| सम्झौता भएका योजना सख्या | सम्पन्न योजना सख्या | सम्पन्न हुन बाँकि योजना सख्या | कैफियत |
|---|---|---|---|
| २५ | २१ | ४ | प्रथम र द्रोस्रो चरणको ठेक्का समेत समावेस |

मालिका गाँउपालिका

**५. स्वीकृत कार्यक्रम अनुसार उ. स. मार्फत कार्यान्वयन भएका सम्पन्न योजनाहरुको सख्यात्मक विबरण;**

| वडा नं | सम्झौता भएका योजना सख्या | सम्पन्न योजना सख्या | सम्पन्न हुन बाँकि योजना सख्या | कैफियत |
|---|---|---|---|---|
| १ | १५ | १० | ५ | प्रधानमन्त्री रोजगार कार्यक्रम पनि समावेश गरिएको |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | ७ | ६ | १ | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| जम्मा | | | | |

**६. योजनाका किसिमका आधारमा बर्गिकरण ।**

| **क्र.स.** | **विवरण** | **सम्झौता योजना को संख्या** | **कैफियत** |
|---|---|---|---|
| १ | सडक, यातायात पुर्वाधार | ८१ वटा | |
| २ | खानेपानि तथा सरसफाई | ११ वटा | एक घर एक धार मार्फत ७ वटा योजना निर्माण |
| ३ | सिचाँई | ४ वटा | |
| ४ | खेलकुद तथा मनोरन्जन | २ वट | |

| | | | |
|---|---|---|---|
| ५ | भवन निर्माण | ३६ वटा | |
| ६ | संस्कृति प्रबद्दन | ६ वटा | |
| ७ | शिक्षा | ६ वटा | |
| ८ | श्रम तथा रोजगारी | २७ वटा | प्रधानमन्त्री रोजगार कार्यक्रम पनि समावेश |
| ९ | गोरेटो बाटो | ५ वटा | |
| १० | अन्य पुर्वाधार विकास (चोपारि निर्माण तारबार, जालि भर्ने वार्ने कार्य ) | २ वटा | |
| **जम्मा योजना** | | **१८३ वटा** | |

## ७. बिनियोजित बजेटका आधारमा

| क्र. स. | विवरण | योजना संख्या | कैफियत |
|---|---|---|---|
| १ | ५० हजार सम्म | ५१ वटा | |
| २ | ५० हजार देखि १ लाख सम्म | ४९ वटा | |
| ३ | १ लाख देखि २ लाख सम्म | ३१ वटा | |
| ४ | २ लाख देखि ३ लाख सम्म | १४ वटा | |
| ५ | ३ लाख देखि ५ लाख सम्म | ९ वटा | |
| ६ | ५ लाख देखि १० लाख सम्म | १५ वटा | |

मालिका गाँउपालिका

| | | | |
|---|---|---|---|
| ७ | १० लाख देखि २० लाख सम्म | २ वटा | |
| ८ | २० लाख माथि २करोड सम्म | १२ वटा | |
| **जम्मा योजना** | | **१८३ वटा** | |

आ.व. २०८०/०८१ मा यस मालिका गाऊँपालिकाको कुल विनोयोजित बजेट रकम रु **५४,९८,२८,२९२/-** मा पुँजिगत रकम रू **१८,५२,६७,७८७/-** मध्ये हाल सम्म **११,६२,१६,५९७/-** (६३%) खर्च भएको छ।

- यसरी कम रकमका स-साना योजनामा वजेट विनियोजन गर्दा प्राप्त हुने प्रतिफल कम तर लगानी बढी भैरहेको हुन्छ ।सकेसम्म वजेट निर्माण गर्दा प्रतिफल दिने ठुला गौरवका योजनाहरु बढी प्राथमिकतामा राखि बनाउनु पर्ने देखिन्छ तर पहाडी भेगमा छरिएर रहेको वस्तिका कारण हरेक वस्तिका माग र चाहना अनुरुप वजेट विनियोजन गर्दा स-साना योजनामा वजेट विनियोजन गर्नुपर्ने बाध्यता पनि हो । संख्यात्मक रुपमा योजना धेरै देखिए पनि तुलनात्मक रुपमा भने बजेट कम नै रहेको थियो ।

## ८. यस आ. व. २०८०/०८१ मा भएका भौतिक पुर्वाधार क्षेत्रको मुख्य उपलब्धीहरु ।

### क) सडक तथा यातायात पुर्वाधार तर्फ

१.वडा नं १, २, र ३ मा संचालित रातडाडा मुसिकोट पौदिअमराई नेटा दर्लीङ गंगरे सडक को ४ कि. मि. स्टक्चर सहितको ग्राभेल सडकको स्तरउनन्ती गरिएको छ ।यस सडक ले यस क्षेत्रमा बसोवास गर्ने ३ वटै वडाका मानिस लाई आर्थिक तथा सामाजिक विकास मा कोसेढुङ्गा साबित भएको छ ।

२.वडा नं ५ र ६ मा संचालित फुलवारि चोरकाटे अर्जे वोम सडक योजनाको ४ कि.मि. स्टक्चर सहितको ग्राभेल सडकको स्तरउनन्ती गरिएको छ ।यस सडकले यस क्षेत्रमा बसोवास गर्ने २ वटै वडाका मानिस साथै समग्र मालिका गाउँपालिकावासी सवै नागरिकहरुको आर्थिक तथा सामाजिक विकासमा टेवा पुगेको छ ।

३.वडा नं ८ मा पर्ने सिमलटारी मैदान अर्खावाङ् सडक योजनाको २४५ मिटर स्टक्चर सहितको आर. सि. सि. सडक निर्माण गरिएको छ ।

४.वडागत आयोजना मार्फत करिब ८ किलोमीटर सडक को नयाँ ट्याक खोल्ने कार्य सम्पन्न भएको छ साथै पुराना सडक को स्तरोन्नती गरिएको छ ।

५. प्रदेश सरकार ले कार्यन्वयन गरेका योजना मार्फत मालिका पहुच मार्ग मा करिब ६ कि.मि स्टक्चर सहितको ग्राभेल सडकको स्तरउनन्ती गरिएको छ ।साथै सघिय सरकार ले कार्यन्वयन गरेका योजना मार्फत दघास अर्खावाङ् सडकमा ११० मिटर स्टक्चर सहितको आर. सि. सि. सडक र ६०० मिटर ग्राभेल सडक निर्माण भएको छ । साथै प्रदेश सरकार ले कार्यन्वयन गरेका योजना मार्फत मालिका ६ राम्चेमा ४० मिटर स्टक्चर सहितको आर. सि. सि. सडक निर्माण भएको छ।

यसरी हेर्दा समग्र गाउ पालिका अन्तरगत सडक पुर्वाधार तर्फ २२१५ घनमिटर जालि भर्ने कार्य भएको छ । २८० घनमिटर प्लम्ब कङक्रिट को कार्य भएको छ। ८५०० घनमिटर ग्राभेल सडक निर्माण भएको छ । समग्र मा ५०० मिटर आर. सि. सि सडक को निर्माण भएको छ । त्यस्तै सघिय सरकार र प्रदेश सरकार ले कार्यन्वयन गरेका योजना करिब ......... घनमिटर जालि भर्ने कार्य भएको छ ।....... घनमिटर प्लम्ब कङक्रिट को कार्य भएको छ। ........ घनमिटर ग्राभेल सडक निर्माण भएको छ

## (क)खानेपानी पुर्वाधार तर्फ-ः

संघीय सरकारको विशेष अनुदानमा एक घर एक धारा खानेपानी बमोजिका तपशिलका वडाहरुका नागरिकहरुको घर दैलोमा खानेपानीकोपहुँच पुगेको छ ।

**तपशिल**

१.बजेनि पटौति खा.पा. वडा न ०३ मा १ वटा इन्टेक ३ र ७ घनमिटर टयाङ्कि सहित १५ घरधुरिमा धारा निर्माण भएको छ।

२.जलजले स्किम वडा नं ०७ मा २ वटा इन्टेक ५,६ र ७ घनमिटर टयाङ्कि सहित ९५ घरधुरिमा धारा निर्माण भएको छ।

३.लाटिका धारा बुढिचौर दिर्घ खा.पा वडा नं ०७ मा ४० घरधुरिमा धारा निर्माण भएको छ।

४.साहारे खोला उपल्लो महभिर वडा नं ०३ मा २ वटा इन्टेक ८ घनमिटर टयाङ्कि सहित २२ घरधुरिमा धारा निर्माण भएको छ।

५.निस्ती छाप खा.पा र जुकेना जमलपोखरा खा.पा. वडा नं ५ ६ घनमिटर टयाङ्कि सहित ७३ घरधुरिमा धारा निर्माण भएको छ।

६.धरमपानि र फल्लेनि खा. पा. आयोजना वडा नं ०८ मा २ वटा इन्टेक ३,७ र २० घनमिटर टयाङ्कि सहित ७२ घरधुरिमा धारा निर्माण भएको छ।

७.त्यस्तैप्रदेश सरकार को सहयोगमा मालिका ०८ नमतामा खानेपानी आयोजनाको निर्माण कार्य अन्तिम चरण मा पुगेको छ। यस आयोजना मार्फत खानेपानीका पुराना संरचना लाई नयाँ निर्माण गारि १७ धर धुरि लाई १७ वटा धारा निर्माण कार्य अन्तिम चरण मा पुगेको छ।

## ख) भवन आवास, तथा सहरी विकास तर्फ

भवन निर्माण तर्फ वडा नं १ को कार्यालय को निर्माण कार्य सकिएको छ। बि.पि. र बिनोद स्मृति भवन को निर्माण कार्य सकिएको छ । मालिका अथिति गृह को निर्माण कार्य सकिएको छ। प्रशाशकिय भवनको निर्माण कार्य सन्षोकजनक रुपमा अगाडि बढेको छ। त्यस्तै स्वास्थ्य तर्फका च्यानडाँडा र जमलपोखरा स्वास्थ्य ईकाई भवनको निर्माण कार्य सकिएको छ। त्यस्तै मालिका मा. वि को भवन को निर्माण कार्य अन्तिम चरण छ ।

## ग) पर्यटन पुर्वाधार तर्फ

ललितपुर महानगर र मालिका गाँऊपालिका को साझेदारिमा मालिका पार्क मा पुराततव झल्किने मालिका मन्दिर को निर्माण कार्य अन्तिम चरण मा पुगेको छ। साथै प्रदेश सरकार र मालिका गाऊँपालिकाको साझेदारि मा निर्माण भईरहेको लेक पोखरा मालिका पैदल मार्ग को निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

## ९. उपभोक्ता समिति गठनमा समावेशिताको अवस्था

महिला,दलित,जनजाती,अपाङ्गता,गरिब वा समुदायलाई नीति निर्माण,निर्णय प्रकृया एवम् कार्यसम्पादन प्रकृयामा अर्थपुर्ण सहाभागी गराउने कार्य नै समावेशिकरण हो ।नेपालको संविधान २०७२ ले नै समावेशि समाजको परिकल्पना गरेको हुँदा उक्त परिकल्पनालाई सार्थकता दिन हरेक क्षेत्रमा समावेशिकरण हुनु जरुरी छ । यसै सन्दर्भमा स्थानीय तहको उपभोक्ता समिति गठन,परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ को परिच्छेद २ को दफा ४ उपभोक्ता समिति गठन सम्बन्धि व्यवस्थाको उपदफा १ (च) मा उपभोक्ता समिति गठन गर्दा समावेशि सिद्धान्त अबलम्बन गर्नुपर्नेछ । समितिमा कम्तिमा ३३ प्रतिशत महिला सदस्य हुनुपर्ने र समितिको अध्यक्ष,सचिव र कोषाध्यक्षमध्ये एकजना महिला पदाधिकारी अनिवार्य रहने व्यवस्था रहेको छ ।सोही व्यवस्था बमोजिम यस मालिका

गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने हरेक योजना तथा कार्यक्रममा गठन हुने उपभोक्ता समितिमा समावेशि सिद्दान्तका आधारमा समिति गठन हुने गरेको छ ।

## १०. योजना, अनुगमन तथा मूल्याङ्कन शाखाबाट सम्पादित कार्यहरु

- **योजना अनुगमन तथा सुपरिवेक्षणः**

गाउँलिकाबाट सञ्चालन हुने विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा ४ खण्ड (ख) मा भएको व्यवस्था बमोजिम गरिने अनुगमन तथा सुपरिवेक्षण कार्यलाई व्यवस्थित र प्रभावकारी तुल्याउनका लागि मालिका गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि बनाई लागु गरेको छ ।

सोही कार्यविधिको परिधिभित्र रहि यस मालिका गाउँपालिकाले चालु आ.ब.मा गाउँपालिकाबाट सञ्चालन हुने विकास निर्माणका कार्य, कार्यक्रम तथा गैर सरकारी संस्था एवम् सामुदायिक संस्थाबाट सञ्चालित कार्यक्रमहरु उचित ढंगबाट नीति तथा कानुनको परिधि भित्र रहेर सञ्चालन भए नभएको, अपेक्षित नतिजा हासिल भए नभएको कुराहरुको निरन्तर रुपमा वा आवधिक रुपमा अनुगमन गर्दछ । यसरी अनुगमन गर्दा कानून बमोजिम वा तोकिएको मापदण्ड भित्र रहेर कार्य नगरेमा वा गुणस्तरमा कमि देखिएमा अनुगमन समितिले कार्यविधि भित्र रहेर उपभोक्ता समिति वा सम्बन्धि संघ संस्थाहरुलाई सल्लाह सुझाव दिनुका साथै खबरदारी गर्ने काम समेत गर्ने गर्दछ ।

मालिका गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, बमोजिम यस मालिका गाउँपालिकामा सञ्चालन हुने आयोजना था कार्यक्रमको लागत परिमाण समय सिमा र गुणस्तरीयाको आधारमा अनुगमन गरी पृष्ठपोषण दिनका लागि तपसिलको अनुगमन तथा सुपरिवेक्षण समिति गठन भएको छ ।

क) उपेन्द्र अर्याल -संयोजक (उपाध्यक्ष)

घ) विकास खनाल - सदस्य (प्र.प्र.अ.)

ङ) विष्णु अर्याल -सदस्य (ईन्जिनियर)

च) गोपाल बहादुर सेन वली - सदस्य सचिव (योजना शाखा प्रमुख)

यस अनुगमन तथा सुपरिवेक्षण समितिले यस गाउँपालिकाभित्र सञ्चालित आयोजनाहरुको स्थलगत अवलोकनका साथसाथै आयोजना/कार्यक्रम कार्यान्वयनमा संलग्न व्यक्तिहरु, सरोकारवालाहरुसँग छलफल गरी रायसुझाव तथा पृष्ठपोषण दिने गरेको थियो ।

यस समितिले गाउँपालिका, प्रदेश र संघबाट बजेट विनियोजन भै गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने र गाउँपालिका भित्रका स्थानीय बासिन्दाहरु पूर्ण रुपमा लाभान्वित हुने २ लाख भन्दा माथि रकम भएका आयोजनाहरुको अनुगमन गरी सोको प्रतिवेदन दिने काम गरेको थियो ।

चालु आ.व. २०८०/०८१ मा यस मालिका गाउँपालिका भित्र सञ्चालनका लागि सम्झौता भएका २ लाख भन्दा माथिका ५२ वटा योजनाहरुमध्ये ५० वटा योजनाहरुको अनुगमन तथा सुपरिवेक्षण गरेको थियो।

## ११. कार्यसम्पादन गर्दा आइपरेका समस्या/चुनौतीहरुः

- योजना, अनुगमन तथा मुल्याङ्कन शाखाको मुख्य कार्य योजना कार्यान्वयन नै रहेकाले योजना कार्यान्वयनमा देखा पर्ने समस्याहरु नै योजना शाखाका मुख्य समस्या तथा चुनौती हुने गर्दछन । ति समस्याहरु देहाय बमोजिम रहेका छन्
- स्थानीय तहमा प्रायः छरिएर रहेका टुक्रे योजनाहरु तर्जुमा तथा स्वीकृत हुने हुदाँ ति योजना कार्यान्वयनमा विभिन्न समस्याहरु आइपर्ने जस्तैः उपभोक्ता समिति गठन, फरक योजनाको लागि छुट्टै फाइल खडा गर्नुपर्ने अर्थात् ठूलो र साना योजना कार्यान्वयन प्रकृया एउटै हुने हुदाँ साना योजनाले गर्दा कार्यबोझ बढ्ने,
- स-साना योजनाहरुको प्रतिफल पनि कम हुने,
- उपभोक्ता समितिमार्फत योजना कार्यान्वयन गराउँदा जनसहभागिता जुटाउन कठिनाई, माग र आवश्यकताका आधारमा नभई व्यक्ति विशेष योजना तर्जुमा हुने,

➢ अपुग रकमका कारण योजनाहरु अलपत्र अवस्थामा देखिनु अर्थात् पर्याप्त मात्रामा बजेट बिनियोजन पनि नगरिनु,

➢ बेमौसमी योजना माग गर्ने परम्परा हाबी हुनु,

➢ अबण्डामा बजेट राखे परम्पराले प्राथमिकता पाउनु,

➢ योजना तर्जुमा गर्दा Cost Benefit Analysis नगरी योजना तर्जुमा गर्नु,

➢ बहुवर्षे तथा ठुला योजनाको मात्रा न्यून हुनु

## १२. समस्या न्यूनिकरणका उपायहरु /सुझावहरः

➢ माथि उल्लेखित समस्याहरु समाधानका लागि देहाय बमोजिमक उपायहरु अबलम्बन गर्नुपर्ने देखिन्छः माग र आवश्यकतामा आधारित योजनाहरुको प्राथमिकिकरण गरी ति योजनालाई लाग्ने रकम पूर्व अनुमान गरी बजेट बिनियोजन गर्ने,

➢ ठुला तथा बहुबर्षिय योजनाहरुलाई बिशेष जोड दिने

➢ गुणस्तरीय र समयमा काम गर्ने व्यक्ति तथा संस्थालाई पुरस्कृत गर्ने,

➢ बजेट बिनियोजनमा राजनीतिकरण भागवण्डा नगरी आवश्यकताका आधारमा मात्र गर्ने ।

**धन्यवाद**

**------- समाप्त -------**

मालिका गाँउपालिका